नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा

प.सं.: २०८१/८२
च.नं.: ३६०८

<u>विषय : निकासा भुक्तानी सम्बन्धमा ।</u>

मिति : २०८२/०३/०६

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सबै।

उपर्युक्त सम्बन्धमा चालु आर्थिक वर्ष २०८१/०८२ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको भुक्तानी निकासा बन्द गर्ने सम्बन्धमा देहायबमोजिम गर्नुहुन यस कार्यालयको मिति २०८२/ ०३/०६ को निर्णयानुसार अनुरोध छ ।

१. संघ, प्रदेश र स्थानीय तहहरुको आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै भुक्तानी र प्रणाली बन्द हुने हुँदा संघीय कार्यालयहरुको हकमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३० को उपनियम (१) र (२) बमोजिम तथा प्रदेश र स्थानीय तहको हकमा सोही नियमको उपनियम (७) र (८) बमोजिम गर्नु गराउनुहुन ।

२. यस कार्यालयको बजेट तथा सोधभर्ना शाखा को च.नं. ८९ र मिति २०८२/०२/२१ गतेको पत्र प्राप्त भएकै छ। सो अनुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २२ को उपदफा (१) बमोजिम संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहलाई सशर्त, समपुरक र विशेष अनुदान वापत वित्तीय हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च नभई बाँकी भएमा सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो रकम चालु आर्थिक बर्ष भित्र संघीय सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था मिलाउन र त्यसरी फिर्ता भएको रकमलाई असार मसान्त भित्रै CGAS/TSA मा निकासा घटाउने व्यवस्था अनिवार्य रुपमा गर्नुहुन ।

३. विनियोजन,राजश्व,धरौटी र कार्यसञ्चालनकोष तर्फ आर्थिक वर्षको अन्तमा कुनै पनि नगद मौज्दात नराख्न कार्यालयहरुलाई स्पष्ट निर्देशन दिन, सोको प्रभावकारी अनुगमन गर्न र नगदमा संकलन भएको रकम बैंकमा दाखिलाको लागि स्थानीय आवश्यकता अनुसार आर्थिक बर्षको अन्तिम दिन सरकारी कारोवार गर्ने बैंकसँग वेलुका अवेरसम्म सञ्चालन गर्नको लागि आवश्यक समन्वय गर्नुहुन ।

४. एकल खाता कोषबाट जारी भएका राजश्व/धरौटीका लगायतका चेकहरु आर्थिक वर्षको अन्तःसम्म सटही हुने व्यवस्था मिलाउनुहुन ।

५. आर्थिक वर्ष २०८०/८१ देखि सामाजिक सुरक्षा भत्ता बापतको रकम EFT मार्फत सोझै लाभग्राहीको खातामा दाखिला गर्न शुरु गरिएको साथै चौथो किस्ता रकम असार महिनामा भुक्तानी गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। सामाजिक सुरक्षा भत्ता बापतको रकम लाभग्राहीको खातामा जम्मा गर्नुपर्ने भएको र एकैपटक ठूलो संख्यामा भुक्तानी गर्नुपर्दा सम्पूर्ण विद्युतीय प्रणालीमा अत्याधिक चाप पर्न जाने अवस्था रहेको छ। उक्त चापलाई व्यवस्थित गरी सामाजिक सुरक्षा भत्ता तथा अन्य नियमित

प.सं.: २०८१/८२
च.नं.: ३६०८

कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा

भुक्तानी सहज किसिमले हुने वातावरण सृजनाको लागि देहाय बमोजिमले भुक्तानी निकासा गर्ने व्यवस्था गर्नुहुन।

- सामाजिक सुरक्षा भत्ता रकम वि.स. २०८२ असार १५ गते भित्र पूर्णरुपमा भुक्तानी गरिसक्ने ।

- एकैपटक ठूलो संख्यामा रकम भुक्तानी गर्दा CGAS/TSA का साथै NCHL र बैंकको प्रणालीमा समेत चाप पर्न गई EFT Reject हुने सम्भावना धेरै हुने, सामाजिक सुरक्षाको गोश्वरा भौचर र भुक्तानी आदेश ज्यादै ठुलो हुने हुँदा यसको प्रतिवेदन हेर्दा अत्यधिक Load पर्ने, सम्बन्धित स्थानीय तहले सामाजिक सुरक्षा भत्ताको VRS-MIS प्रणालीबाट CGAS मा विवरण पठाउने र CGAS मा गोश्वारा भौचर तयार गरी भुक्तानी आदेश बनाउँदा समेत प्रणालीमा अत्यधिक चाप पर्ने हुँदा उल्लेखित कार्यहरु कार्यालय समयको अत्याधिक चाप हुने समयमा नगरी कार्यालय समय अघि वा पछि हुने गरी गर्ने ।

६. भुक्तानी योग्य भुक्तानीहरु पनि समयमा नै नगरी आर्थिक बर्षको अन्तमा पुऱ्याएर गर्ने प्रवृत्ति रहेको सन्दर्भमा भुक्तानी गर्न योग्य भुक्तानीहरु समयमा नै गर्न आवश्यक समन्वय गर्ने ।

७. खासगरी असार २० गते पश्चात लेखांकन र भुक्तानीसंग सम्वन्धित विद्युतीय प्रणालीमा अत्याधिक चाप पर्न जाने र विद्युतीय प्रणालीमा निश्चित स्तर भन्दा बढी भार पर्न गएको अवस्थामा प्रणालीले अपेक्षाकृत रुपमा कार्यसम्पादन गर्न नसक्ने हुँदा, नियमानुसार भुक्तानी योग्य भुक्तानीहरु सम्भव भएसम्म असार २० गते भित्र नै भुक्तानी दिने व्यवस्था मिलाउने ।

८. धरौटी र विविधमा आम्दानी बाध्न बाँकी रहेका रकम साथै पेश्की बैंक दाखिला भई प्रणालीमा पेश्की फिर्ता बाँकी रहेका रकमलाई अनिवार्य रुपमा असाढ मसान्त भित्रै CGAS/TSA मा लेखांकनको व्यवस्था मिलाउनुहुन।

९. आर्थिक बर्ष समाप्त भए पश्चात एक हप्ता भित्र विनियोजन, धरौटी र कार्यसंचालन कोषको अनिवार्य रुपमा Day Close लगायतका काम सम्पन्न गरी बैंक संग हिसाव भिडान गर्नुहुन।

१०. धेरै तथ्याङ्क भएका प्रतिवेदनहरुले विद्युतीय प्रणालीमा चाप सिर्जना गर्ने भएकोले त्यस्ता प्रतिवेदनहरु नियमित कार्यालय समय बाहेकको समयमा मात्र हेर्ने।

११. FMIS को हिसाब भिडान/परीक्षण TAB मा देखिने रिपोर्ट नं ५००१ हेरी उक्त रिपोर्टमा देखिएका बेमेलहरु यस आ.व. भित्रै मिलान गर्नुहुन।

२०८२/०३/०६

(पुरुषोत्तम बराल)
लेखा अधिकृत



अनामनगर, काठमाडौं, फोन: ०१-४७७१२९०, ४७७१२९३, फ्याक्स : ०१-४७७१२९१
E-mail: ifas@fcgo.gov.np, Web: www.fcgo.gov.np